# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (८), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, असार १० गते २०८१ साल, सङ्ख्या ४**

## भाग-२

**सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन (प्रथम संशोधन) कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१।०३।०९

प्रस्तावनाः सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८० मा भएका केही व्यवस्थाहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि प्रथम संशोधन, २०८१ बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि प्रथम संशोधन, २०८१" हुनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई प्रमाणीकरण भए पश्चात तुरुन्त लागु हुनेछ।

२. विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मूल कार्यविधि" भन्नाले" सूर्योदय नगरपालिकाको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८०" लाई सम्झनुपर्छ।

३. मूल कार्यविधिको दफा ११ (१) (ग) लाई देहाय बमोजिम संशोधन गरिएको छः

११(१) (ग) उपदफा १ (क) बमोजिम आह्वान भएको शिलबन्दी बोलपत्र अनुसार चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र सञ्चालनका लागि मूल्य अभिवृद्धि कर (VAT) मा आबद्ध फर्म वा कम्पनीहरूले मात्र बोलपत्र पेस गर्न सक्नेछन् ।

आज्ञाले,

मिलन भट्टराई

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत